# फिदिम राजपत्र

## फिदिम नगरपालिकाद्वारा प्रकाशित


| | | | |
|---|---|---|---|
| खण्डः ७ | फिदिम,पाँचथर | कार्तिक १५ गते २०८० | संख्याः ५ |


**भाग-२**

**फिदिम नगरपालिका**

**नगर कार्यपालिकाको कार्यालय**

**फिदिम पाँचथरको सूचना**

# फिदिम नगरपालिका टोल विकास संस्था गठन एवं सञ्चालन कार्यविधि (पहिलो संशोधन), २०८०

## फिदिम नगरपालिका टोल विकास संस्था गठन एवं सञ्चालन कार्यविधि (पहिलो संशोधन), २०८०

फिदिम नगरपालिका टोल विकास संस्था गठन एवं सञ्चालन कार्यविधि, २०७९ लाई संशोधन गर्न बाञ्छनीय भएकोले फिदिम नगरपालिका टोल विकास संस्था गठन एवं सञ्चालन कार्यविधि, २०७५ दफा ११ ले दिएको अधिकार प्रयोग गरी फिदिम नगर कार्यपालिकाले यो कार्यविधि जारी गरेको छ ।

**१) संक्षिप्त नाम र प्रारम्भः** (१) यो कार्यविधिको नाम **"फिदिम नगरपालिका टोल विकास संस्था गठन एवं सञ्चालन कार्यविधि (पहिलो संशोधन) २०८०"** रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

**२) फिदिम नगरपालिका टोल विकास संस्था गठन एवं सञ्चालन कार्यविधि, २०७९** को दफा ४ संशोधनः फिदिम नगरपालिका टोल विकास संस्था गठन एवं सञ्चालन कार्यविधि, २०७९ (यसपछि "मूल कार्यविधि" भनिएको) को दफा ४ को उपदफा (ङ) को सट्टा देहायको उपदफा (ङ) राखिएको छ ।

(ङ) निवर्तमान अध्यक्षको संयोवकत्वमा ३ सदस्यीय सल्लाहकार समितिको गठन गरिनेछ । सल्लाहकार समितिको संयोजक टोल विकास कार्य समितिको वैठकमा आमन्त्रित सदस्यको रुपमा सहभागि हुनेछ । तर पहिलो पटक टोल विकास संस्थाको गठन गर्दाको बखत वडाध्यक्ष र सम्बन्धित टोल विकास समितिले निर्णय गरी तोकेको व्यक्तिलाई सल्लाहकार समितिको संयोजक चयन गर्नेछ ।

**३) मूल कार्यविधिको दफा ५ मा संशोधनः** मूल कार्यविधिको दफा ५ मा रहेको "दर्ता" भन्ने शब्दको सट्टा " दर्ता नविकरण" भन्ने शब्द राखिएको छ । र उपदफा (क) र (ख) पछि देहायको उपदफा (ग) थपिएको छ ।

(ग) टोल विकास संस्थाको प्रत्येक आर्थिक वर्ष समाप्त भएको एक महिनाभित्र नवीकरण गरी सक्नु पर्नेछ । टोल विकास संस्थाको नवीकरण गर्दा देहायका विवरण समेत पेश गर्नु पर्नेछ ।

१) टोल विकास संस्थाको दर्ता प्रमाण पत्र
२) अघिल्लो आर्थिक वर्षमा सञ्चालन गरिएका योजना तथगा कार्यक्रमको विवरण
३) अघिल्लो आर्थिक वर्षको लेखा परिक्षण प्रतिवेदन

**आज्ञाले,**
**प्रविनहाङ योङहाङ**
**प्रमुख प्रशासकीय अधिकृत ।**